नेपाल बैंक लिमिटेड
NEPAL BANK LIMITED

# प्रधान कार्यालय
# कर्जा असुली विभाग

## नेपाल बैंक लिमिटेडको धितोमा रहेको सुरक्षण गोप्य सिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्रीको १५ दिने सूचना
## (प्रकाशित मिति २०७९/०५/३०)

नेपाल बैंक लिमिटेडको तपसिलमा उल्लेखित शाखाहरुबाट कर्जा पार्टीहरुले उपभोग गरेका कर्जाहरुको भुक्तानी म्याद समाप्त भई कर्जा चुक्ता गर्नका लागि पटक-पटक तरताकेता गरिएकोमा हालसम्म पनि कर्जा चुक्ता नभएको हुँदा सुरक्षण बापत बैंकलाई लेखिदिएको तपसिलमा उल्लेखित चल-अचल सम्पत्ति जे-जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य सिलबन्दी बोलपत्र मार्फत बिक्री गरिने हुँदा सो चल अचल सम्पत्ति खरिद गर्न इच्छुक फर्म वा व्यक्तिबाट आफूले के-कति मूल्य तिरी लिने हो मूल्य खोली सम्बन्धित शाखा वा यस विभागबाट उपलब्ध गराएको फाराम भरी यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र उक्त दिन बिदा परेमा सोको भोलिपल्ट वा लगत्तै अफिस खुलेको दिन निम्नानुसारको शर्तनामालाई पालना गरी गोप्य सिलबन्दी वोलपत्र सम्बन्धित शाखा वा यस विभागमा पेश गर्नुहुन आव्हान गरिएको छ ।

१. बोलपत्र फाराम दस्तुर पछि फिर्ता नहुने गरी जम्मा गरेपछि सम्बन्धित शाखा वा प्रधान कार्यालय कर्जा असुली विभागबाट उपलब्ध गराइनेछ ।
२. बोलपत्र पेश गर्दा खाम बाहिर आफुले लिन चाहेको "सम्बन्धित जग्गा, घर टहरा खरिद गर्ने बारेको गोप्य सिलबन्दी बोलपत्र" भनी उल्लेख गर्नुपर्नेछ ।
३. बोलपत्र पेश गर्ने अन्तिम मितिको भोलिपल्ट वा लगत्तै अफिस खुलेको दिनको १:०० बजे सम्बन्धित शाखा र प्रधान कार्यालय कर्जा असुली विभागमा बोलपत्रदाताहरु वा निजका प्रतिनिधिहरुको उपस्थिति तथा मान्य प्रतिनिधिहरुको रोहवरमा बोलपत्र खोलिनेछ । बोलपत्रदाता वा निजका प्रतिनिधिहरु उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।
४. बोलपत्रसाथ आफुले कबोल गरेको रकमको १० प्रतिशतले हुने रकम यस बैंकको सण्ड्री क्रेडिटर्स हिसाबमा जम्मा गरेको सक्कल भौचर वा यस बैंकको नाममा कम्तिमा ३ महिनाको म्याद भएको यस बैंक बाहेक अन्य बैंकको जमानत पत्र वा Managers Cheque/ Good for Payment Cheque धरौटी बापत पेश गर्नुपर्नेछ ।
५. बोलपत्र स्वीकृत भएपछि सो को सूचना पत्रबाट दिइनेछ र उक्त सूचना दिएको मितिले ३५ दिन भित्र कबोल गरेको सम्पूर्ण रकम बुझाई उपरोक्तानुसारको सम्पत्तिहरु आफ्नो नाममा नामसारी गरी लिनुपर्नेछ । उपरोक्त म्याद भित्र बाँकी रकम नबुझाएमा धरौटी रकम स्वतः जफत हुनेछ ।
६. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस बैंकमा निहित रहनेछ । सोको कारण बोलपत्रदातालाई दिइने छैन ।
७. जग्गा, घर टहरा, मिल मेशिनरी र सवारी साधनसँग सम्बन्धित कागजात हेर्न चाहनेले सम्बन्धित शाखा वा प्रधान कार्यालय, कर्जा असुली विभाग र अचल सम्पत्ति स्थलगत रुपमा हेर्न चाहेमा सम्बन्धित शाखामा सम्पर्क राखी हेर्न बुझ्न सकिनेछ ।
८. बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए वमोजिम हुनेछ ।
९. बोलपत्र स्वीकृत भएपछि हक हस्तान्तरण गर्दा नियमानुसार लाग्ने सबै सरकारी दस्तूर खरिद गरिलिने फर्म वा व्यक्ति स्वयम्ले व्यहोर्नुपर्नेछ ।
१०. निम्न उल्लेखित जग्गा, घर टहरा छुट्टाछुट्टै वा संयुक्त खरिद गर्ने गरी बोलपत्र पेश गर्न सकिनेछ ।
११. व्यक्तिले खरिद गर्ने भए नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्नेछ । फर्म/कम्पनीले खरिद गर्दा सो फर्म/कम्पनी दर्ता प्रमाणपत्र तथा कर दर्ता प्रमाणपत्रको प्रतिलिपि समेत पेश गर्नुपर्नेछ ।
१२. रित नपुगेको वा म्याद नाघी प्राप्त हुन आएको वा शर्तहरु राखी पेश भएको बोलपत्रहरु उपर कुनै कारवाही हुनेछैन ।
१३. बोलपत्रमा उल्लेख गर्नुपर्ने सबै कुराहरु स्पष्ट रुपमा केरमेट नगरी लेख्नुपर्नेछ, अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ ।

### तपसिल

**काठमाण्डौ बैंकिङ अफिस**

**१. ऋणीको नाम :– उद्धव प्रसाद नेपाल, साबिक सानो सिरुवारी - ४, सिन्धुपाल्चोक**

| सुरक्षणधनीको नाम | सुरक्षणको विवरण | फाराम दस्तूर |
|---|---|---|
| नेपाल बैंक लिमिटेड | बाग्मती अञ्चल यातायात कार्यालयमा दर्ता रहेको Model No. SSANYONG KORANDO, Engine No. 67195000504571, Chassis No. KPTBOB1SSBP004814 को बा १० च २५२७ नं. को कार । | रु.१०००/- |

**महेन्द्रनगर शाखा**

**१. ऋणीको नाम : श्री कालिका ट्रेडर्स एण्ड सप्लायर्स (प्रो. तेज बहादुर विश्वकर्मा), साबिक कृष्णपुर - ५, कञ्चनपुर**

| सुरक्षणधनीको नाम | सुरक्षणको विवरण | | | कैफियत | फाराम दस्तूर |
|---|---|---|---|---|---|
| | ठेगाना | कि. नं. | क्षेत्रफल (व.मि.) | | |
| गोवडी देवी लुहार | कञ्चनपुर जिल्ला, साविक कृष्णपुर – ५ | २३४० | ८८.३० | जग्गा तथा सोले चर्चेको सम्पूर्ण लिगलगापात समेत | रु.१०००/- |
| | | २७७० | ७७७.१९ | | |
| तेजबहादुर विश्वकर्मा | कञ्चनपुर जिल्ला, साविक कालिका – ७ | ८२६ | ८०० | | रु.१०००/- |
| | | ७०४ | ७७० | | |

**नारायणगढ शाखा**

**१. ऋणीको नाम : जयश्वर अधिकारी, साबिक जुटपानी - ४, चितवन र बसुन्धरा अधिकारी, साबिक भरतपुर - २, चितवन**

| सुरक्षणधनीको नाम | सुरक्षणको विवरण | | | कैफियत | फाराम दस्तूर |
|---|---|---|---|---|---|
| | ठेगाना | कि.नं. | क्षेत्रफल (व.मि.) | | |
| जयश्वर अधिकारी | चितवन जिल्ला, साविक नारायणगढ - ३ | ४३८ | ६३.४९ | जग्गा/घर तथा सोले चर्चेको सम्पूर्ण लिगलगापात समेत | रु.३०००/- |
| | | ४३९ | ५९.२६ | | |

| लाहान शाखा | | | | | |
|---|---|---|---|---|---|
| **१. ऋणीको नाम : न्यू सुमन जनरल पसल (प्रो. उपेन्द्र प्रसाद यादव), साबिक बरियारपट्टी - ७, सिराहा** | | | | | |
| **सुरक्षणधनीको नाम** | **सुरक्षणको विवरण** | | | **कैफियत** | **फाराम दस्तूर** |
| | **ठेगाना** | **कि.नं.** | **क्षेत्रफल (व.मि.)** | | |
| उपेन्द्र प्रसाद यादव | सिराहा जिल्ला, साविक बरियारपट्टी - ७ | ३२१० | ७७८.८७ | जग्गा तथा सोले चर्चेको सम्पूर्ण लिगलगापात समेत | रु.१०००/- |
| | सिराहा जिल्ला, साविक जानकीनगर-९ | ३२०० | २३८७.४१ | | रु.१०००/- |